स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




चलचित्र "जिरो डिग्री"को फर्स्ट लुक भिडियो सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरिएको छ । यो चलचित्र तिहारमा प्रदर्शन हुने भएको छ । अभिनेता विजय बराललाई "पुन्य चौलागाईं" नामक वडा अध्यक्षको चरित्रमा प्रस्तुत गरिएको छ । "जहाँ समस्या त्यहाँ पुन्य चौलागाईं" भन्ने संवाद र लगत्तै पुन्यको "यो गाउँमा बाहेक अरु को नै छ र मेरो आफ्नो" भन्ने संवादले उनी गाउँको एक चलाख र चतुर जनप्रतिनिधि हुन् भन्ने प्रस्ट पारेको छ ।

**आजको विचार...**



आशाको... (दुई पेजमा)

डा. डीआर उपाध्याय



मेरिको लिमिटेड अन्तर्गतको चर्चित हेयर स्टाइलिङ ब्रान्ड "लिभोन" ले अभिनेत्री स्वस्तिमा खड्कालाई नेपालका लागि आफ्नो नयाँ ब्रान्ड एम्बासडर नियुक्त गरेको छ । स्वस्तिमाको स्वाभाविक आकर्षण,आत्मविश्वास र दर्शकमाझ रहेको उनको बलियो छविका कारण ब्रान्डको पहिचानसँग उत्कृष्ट मेल खाने भन्दै कम्पनीले उनलाई जिम्मेवारीका लागि चयन गरेको हो । ब्रान्ड एम्बासडरका रूपमा नियुक्त भएपछि अब स्वस्तिमा लिभोनको नयाँ टेलिभिजन विज्ञापन मार्फत ब्रान्डको सन्देश र ऊर्जालाई प्रस्तुत गर्दै देखिछिन् ।


❒ वर्ष ३१ ❒ अंक ३०९ ❒ २०८३ जेठ २४ गते आइतबार 7 June 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## सक्षिप्त समाचार

### कोइला खानीमा विस्फोट हुँदा ७ जनाको मृत्यु

**(रासस/सिन्हवा)**

**बोगोटा,** जेठ २३ / कोलम्बियाको मध्य भागस्थित एक विभागको कोइला खानीमा भएको विस्फोटमा ७ जना खानी मजदुरको मृत्यु भएको स्थानीय अधिकारीहरूले शुक्रबार पुष्टि गरेका छन् । स्थानीय सञ्चारमाध्यमका अनुसार बिहीबार दिउँसो एक नगरपालिकामा रहेको खानीमा विस्फोट भएको थियो ।

प्रारम्भिक अनुसन्धानले भूमिगत रूपमा ग्यास जमेर विस्फोट भएको देखाएको छ । दुर्घटनापछि उद्धार टोलीहरू तत्काल घटनास्थलमा परिचालन गरिएको थियो । सम्बन्धित विभागका गभर्नरले सामाजिक सञ्जालमार्फत मृतकका परिवारप्रति समवेदना व्यक्त गर्दै ज्यान गुमाएका मजदुरहरूको नाम सार्वजनिक गरेका छन् । उनले राष्ट्रिय खानी निकायले दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन औपचारिक अनुसन्धान सुरु गर्ने बताएका छन् । कोलम्बियाको मध्य क्षेत्रमा खानी दुर्घटनाहरू असामान्य होइनन्, किनभने केही खानीहरूले सुरक्षा सम्बन्धी नियमहरूको पूर्ण पालना नगर्ने गरेको बताइएको छ ।

# तरकारी र दूधमा विषादी फेला

## मानव स्वास्थ्यमा जोखिम बढ्दो

**हाम्रा संवाददाता/ रासस**

**लुम्बिनी**, जेठ २३/चितवनबाट बुटवल कृषि उपज थोक बजा र केन्द्रमा गत चैत अन्तिम साता बिक्रीका लागि ल्याइएका तने बोडीको प रीक्षणका क्रममा अत्यधिक मात्रामा विषादी फेला पर्यो । बोडीमा बिषादी फेला प रेपछि नष्ट गा रएको थियो । त्यस्तै, केन्द्रमा केही दिनअघि मात्रै चितवनबाट ल्याए र बिक्रीका लागि राखिएका काँक्रोमा पनि अत्यधिक मात्रामा विषादी भेटिएपछि पाँच सय किलो काँक्रा नष्ट गा रएको थियो ।



बुटवलमा विभिन्न क्षेत्रबाट आउने दूधको यही जेठ १३ गते नमूना संलग्न ग री प रीक्षण गर्दा बिषादी फेला प रेकाले बिक्रीमा रोक लगाइएको बुटवल उपमहानग रपालिकाका उपप्रमुख सावित्रादेवी अर्यालले जानका री दिइन् । उपभोक्तालाई त्यस्तो दूध तथा त रका री उपभोग नगर्न सचेतसमेत ग राइएको उनको भनाइ छ । बुटवल क्षेत्रमा आउने दूधमा नफाट्ने बिषादी मिसाइएको प रीक्षणमा फेला प रेकाले अहिले उपमहानग रले कडाइका साथ अनुगमनलाई अगाडि बढाएको उपप्रमुख अर्यालले जानका री दिइन् । यसैबीच, बुटवलको थोक बजा रमा बिक्रीका लागि राखिएका काउली प रीक्षण गर्दा अत्यधिक मात्रामा विषादी प्रयोग भएको फेला प रेको छ ।

थोक बजा र केन्द्रमा रहेको विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइ बुटवलले थोक बिक्रीका लागि ल्याइएका हा रयो त रका री तथा फलफूलको नमूना प रीक्षण गर्दा काउलीमा अत्यधिक विषादी प्रयोग ग रेको पाइएपछि २२ किलो काउली नष्ट गा रएको छ । रुपन्देहीको मर्चवा रीमाई गाउँपालिकाबाट बुटवलस्थित केन्द्रमा बिक्रीका लागि ल्याइएका काउलीमा 'अर्गानोफस्फेट' समूहको विषादीको मात्रा ८०.८९ प्रतिशत भेटिएको विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइ बुटवलका नायब प्राविधिक सहायक राजीव भण्डा रीले जानका री दिए । विषादी प रीक्षण प्राविधिकका अनुसा र त रका रीमा 'कार्वामेट' र 'अर्गानोफस्फेट' समूहको विषादीको मात्रा ३५ प्रतिशतभन्दा कम भएमा खानयोग्य मानिन्छ । प्राविधिक सहायक भण्डा रीले भने, "३५ देखि ४५ प्रतिशत भएमा केही दिन क्वा रेन्टाइनमा राखे र पुन: प रीक्षण ग री खान मिल्ने र विषादीको मात्रा ४५ प्रतिशतभन्दा बढी देखियो भने त्यसलाई खानयोग्य मानिँदैन र नष्ट गर्नुपर्छ ।" उनका अनुसा र अहिलेसम्म दुई हजा र ६४५ नमूना संकलन ग री विषादी प रीक्षण गर्दा नौवटा त रका रीमा विषादी फेला प रेको छ भने अरु नौवटामा क्या रेन्टाइनमा राख्नुपर्ने देखिएको छ । केन्द्रमा चितवन, मकवानपु रको पालुङ, रुपन्देहीको मर्चवा र र सेम रा क्षेत्रबाट आएका बोडी, काँक्रा, काउली र साँगमा विषादी देखिएको जनाउँदै चितवनबाट आउने धे रैजसो त रका री प रीक्षण ग रे रमात्र सेवन गर्नुपर्ने भण्डा रीले बताए । उनका अनुसा र केन्द्रमा नियमित विषादी प रीक्षण हुँदै आएको छ । प रीक्षण गर्दा फेला प रेका विषादीयुक्त काउलीलाई बुटवल उपमहानग रपालिकासँगको समन्वयमा नष्ट गा रएको हो । ह रेक दिन थोक बजा रमा आउने त रका री तथा फलफूलको बिहानै विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालाले नमूना संकन ग री प रीक्षण गर्दै आएको छ । बुटवलको थोक बजा रभन्दा बाहि रबाट बिक्री हुने त रका रीमा भने विषादी प रीक्षण हुनसकेको छैन । विषादीले मानव स्वास्थ्यमा गम्भी र अस र गर्छ भन्ने जानका री हुँदाहुँदै पनि पछिल्लो समय किसानले छिटो उत्पादन ग री आम्दानी गर्ने उद्देश्यले त रका री र फलफूलमा अत्यधिक मात्रामा विषादी प्रयोग गर्ने ग रेकाले यसतर्फ सबै सचेत हुनुपर्ने कृषि प्राविधिकहरू बताउँछन् ।

## जिल्ला क्रिकेट संघ पाल्पामा नयाँ नेतृत्व, अध्यक्षमा शाक्य

**पाल्पा,** जेठ २३/ जिल्ला क्रिकेट संघ पाल्पाको नयाँ नेतृत्व चयन भएको छ । शनिबार तानसेनमा भएको संघको १९औँ साधारण सभा तथा पाँचौँ जिल्ला अधिवेशनले आगामी कार्यकालका लागि नयाँ नेतृत्व चयन गरेको हो ।




अधिवेशनले संघको अध्यक्षमा पूर्णराज शाक्यलाई चयन गरेको छ । लामो समय संघमा आवद्ध रहेर जिल्लाको क्रिकेट खेलको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका शाक्य अध्यक्षमा सर्वसम्मत् चयन भएका हुन् । संघमा इमान्दारितापूर्वक काम गरेका कारण उनलाई अध्यक्षको जिम्मेवारी दिइएको संघले जनाएको छ । अध्यक्षमा चयन भएसँगै शाक्यले नवजनचेतना दैनिक सँगको कुराकानीमा आफूलाई विश्वास गरेर जिम्मेवारी प्रदान गर्ने सम्पूर्णलाई आभार व्यक्त गरेका छन् । उनले जिल्लामा क्रिकेट खेलको विकास र विस्तारलाई प्राथमिकतामा राख्दै नयाँ कार्यसमितिले सबै पक्षसँग समन्वय गरेर अघि बढ्ने बताए । "जिल्लाभित्र क्रिकेटका गतिविधिलाई अझ प्रभावकारी बनाउँदै युवा प्रतिभाको पहिचान, प्रशिक्षण र अवसर सिर्जना गर्ने दिशामा हाम्रो ध्यान केन्द्रित हुनेछ," अध्यक्ष शाक्यले भने । उनले क्रिकेट पूर्वाधार विकास, नियमित प्रतियोगिता सञ्चालन तथा खेलाडीको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गरे । साथै, जिल्ला क्रिकेट संघलाई पारदर्शी, उत्तरदायी र सबैको साझा संस्थाका रूपमा विकास गर्दै क्रिकेटप्रेमीहरूको अपेक्षा पूरा गर्ने प्रयास गरिने समेत उनको भनाइ छ । अध्यक्ष शाक्यले नयाँ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूसँग सहकार्य गर्दै जिल्लाको क्रिकेटलाई नयाँ उचाइमा पुऱ्याउन आफू प्रतिबद्ध रहेको बताए । "सबैको साथ, सहयोग र सुझावलाई आत्मसात् गर्दै जिल्लाको क्रिकेट विकासका लागि एकताबद्ध भएर काम गर्नेछौँ," उनले भने । संघको उपाध्यक्षमा शैलेन्द्र भट्टराई, सचिवमा बिनोद नेपाल, कोषाध्यक्षमा सचिन राना चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा उपेन्द्र नेपाल, राजीव श्रेष्ठ, सुरेश गोदार, ओमबहादुर थापा, राजेन्द्रमान शाक्य, मेलिना थापा र मोना थापा चयन भएका छन् । अधिवेशनको प्रदेश खेलकुद परिषद् लुम्बिनीका सदस्य राजु महर्जनले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै उनले पाल्पाको खेल क्षेत्रको विकासमा क्रिकेट संघले खेल्दै आएको भूमिका महत्वपूर्ण रहेको बताए । महर्जनले जिल्लाको खेललाई थप चलायमान बनाएर लैजान नयाँ नेतृत्वलाई आग्रह गरे । कार्यक्रममा क्रिकेट संघ लुम्बिनी प्रदेशका कार्यवाहक अध्यक्ष विनयराज भण्डारी, क्यानका केन्द्रीय सदस्य प्रदीप मजगैया, माथागढी गाउँपालिकाका खेलकूद संयोजक तेज घर्ती मगर, प्याब्सनका केन्द्रीय सदस्य भरत न्यौपाने लगायतले कार्यक्रम सफलताको शुभकामना व्यक्त गरेका थिए । अधिवेशनमा निर्वाचन समितिका रुपमा केशवराज अधिकारीको संयोजकत्वमा खुमबहादुर बयम्बु र अच्छुत खनाल सदस्य रहेका थिए । कार्यक्रममा कोषाध्यक्ष हुमबहादुर रानाले संघको आयव्यय प्रस्तुत गरेका थिए । संघका कार्यावाहक अध्यक्ष शैलेन्द्र भट्टराईको अध्यक्षता, सचिव विनोद नेपालको सञ्चालनमा उद्घाटन सत्र कार्यक्रम भएको थियो ।

## आज रविसप्तमी व्रत मनाइँदै




पाल्पा, जेठ २३/ हिन्दू धर्मावलम्बीहरूले आज श्रद्धा र भक्तिपूर्वक रविसप्तमी व्रत मनाउँदै छन् । प्रत्येक महिनाको शुक्ल पक्षको सप्तमी तिथिमा पर्ने यो व्रत विशेष गरी सूर्यदेवको पूजा-आराधना गरी मनाउने परम्परा रहेको छ ।

धार्मिक मान्यता अनुसार सूर्यलाई प्रत्यक्ष देवताको रूपमा पूजा गरिन्छ । रविसप्तमीका दिन बिहानै स्नान गरी सूर्यदेवलाई अर्घ्य अर्पण गर्ने, व्रत बस्ने तथा सूर्यका मन्त्र जप गर्ने चलन छ । यस दिन सूर्यको उपासना गरेमा स्वास्थ्य लाभ, दीर्घायु, सुख-समृद्धि तथा मनोकांक्षा पूरा हुने विश्वास गरिन्छ । धर्मशास्त्रमा सूर्यलाई जीवन, ऊर्जा र प्रकाशको स्रोतका रूपमा वर्णन गरिएको छ । त्यसैले रविसप्तमीका अवसरमा देशका विभिन्न मन्दिर तथा तीर्थस्थलमा भक्तजनहरूको घुइँचो लागेको छ । विशेष गरी सूर्यनारायण मन्दिरहरूमा पूजा-आराधना गर्ने भक्तजनहरूको संख्या बढेको छ । धार्मिक आस्था र परम्परालाई संरक्षण गर्दै श्रद्धालुहरूले आजको दिन सूर्यदेवप्रति भक्ति प्रकट गरी रविसप्तमी व्रत मनाइरहेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## गर्मीबाट बच्न ध्यान दिऔं

केही दिन यता तराईका जिल्लाहरुमा गर्मी एक्कासी बढेपछि जनजीवन अस्तव्यस्त हुन थालेको छ । चर्को गर्मीसँगै 'लु'लगायत अन्य संक्रमण हुन सक्ने भएकाले सर्वसाधारण स्वयं सचेत हुनुपर्ने भएको छ । तराईका कतिपय जिल्लामा तापक्रम ४० डिग्रीभन्दा बढी भएकाले जनजीवन असहज बन्दै गएको छ । पहाडी जिल्लाहरुमा पनि गर्मी बढ्दो छ ।

उच्च गर्मी र तातो हावाका कारण मानिस बिरामी पर्न थालेका छन्। अस्पतालका शैययाहरू भरिन थालेका छन्। गर्मी वा चिसो सरकार वा स्थानीय सरकारले चाहँदैमा घटाउन वा बढाउन सक्दैन । यो एक किसिमको प्राकृति अवस्था हो । मानव वसभन्दा पर छ । यस्तो बेलामा सर्वसाधारण स्वयं सचेत हुने हो भने केही हदसम्म भए पनि संक्रमण हुनबाट जोगिन सकिन्छ । अधिक गर्मीबाट दिउँसो काम गर्ने किसान तथा दैनिक ज्यालादारी मजदुर वर्ग बढी प्रभावित हुन्छन्। त्यसैले गर्मीको असरबाट बच्नका लागि यो वर्गका व्यक्ति स्वयं नै बढी सचेत हुनुपर्छ। सम्भव भएसम्म काम गर्ने सिफ्टलाई बिहान वा बेलुका सार्नुपर्छ।

गर्मी बढ्दैमा घरबाट बाहिर ननिस्कौं भन्न मिल्दैन । हरेकको आ–आफ्नै बाध्यता हुन्छ । हुने खानेहरूलाई त केही दिन बाहिर ननिस्कँदा पनि केही फरक नपर्ला तर, कतिपय व्यक्ति यस्ता पनि छन् बाहिन ननिस्की बिहान बेलुकाको चुल्हो बल्दैन । यस्तो अवस्थामा सकेसम्म घरबाट ननिस्कँदा राम्रो । निस्कनै पर्दा पनि गर्मी छलेर र छिनछिनमा आराम गर्दै काम गर्नुपर्ने हुन्छ । पानी प्रशस्त पिउनुका साथै रसिलो खाने कुरा खानुपर्छ । अत्यावश्यक काम नपरी घरबाहिर निस्किनु हुँदैन। घरको कोठालाई पनि शीतल बनाउने उपाय अपनाउनुपर्छ। घरबाहिर निस्किनै पर्दा छाता ओढ्ने, गर्मी र घाममैत्री हलुका कपडा लगाउने, घामबाट बच्न सकिने क्रिमको प्रयोग गर्ने जस्ता उपाय अपनाइयो भने पनि असर कम गर्न सकिन्छ। शारीरिक बल बढी प्रयोग गर्नुपर्ने कामलाई सम्भव भएसम्म स्थगित गर्नु उचित हुन्छ। सबैका लागि गर्मीबाट बच्नका लागि अतिरिक्त व्यवस्था गर्ने आर्थिक सुविधा उपलब्ध नहुन सक्छ। तर, यथाशक्य प्रयत्न भने गर्नैपर्छ। यदि गर्मीकै कारण कुनै संक्रमण एवं महामारी फैलियो भने हामीसँग विकल्न नै छैन भन्दा पनि हुन्छ । तसर्थ सकेसम्म सावधानी अपनाऔं । गर्मीबाट जोगिऔं ।

### Opinion @ Social Network

इच्छा हौसला ,संघर्ष र धैर्यता हुनुपर्छ
जिन्दगी कुनै बेला पनि फल्न र फुल्न सक्छ ।
*(निरुता क्षेत्रीको फेसबुक स्टाटसबाट www.facebook.com/Niruta.Chhetri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आशाको दीप र उत्तरदायित्वको भार



**डा. डीआर उपाध्याय**

नेपालको राजनीतिमा यतिबेला एउटा नयाँ अध्याय सुरु भएको छ । दशकौंसम्म देशको शासन सञ्चालन गरेका पुराना राजनीतिक दलहरू सत्ताको केन्द्रबाट बाहिरिएका छन् भने नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले जनताको अभूतपूर्व समर्थन प्राप्त गर्दै सरकारको नेतृत्व गरिरहेको छ । प्रधानमन्त्री बालेन साहको नेतृत्वमा बनेको सरकारप्रति जनतामा ठूलो आशा, अपेक्षा र उत्साह देखिएको छ । यो केवल सरकार परिवर्तनको विषयमात्र होइन, नेपाली जनताको सोच, चाहना र राजनीतिक संस्कृतिमा आएको परिवर्तनको संकेत हो । नेपालमा लोकतन्त्र स्थापना भएदेखि जनताले पटक-पटक विभिन्न दल र नेतृत्वलाई अवसर दिए । कहिले कांग्रेसलाई, कहिले एमालेलाई, कहिले माओवादीलाई । कहिले गठबन्धन बने, कहिले भत्किए । सरकार फेरिए, मन्त्री फेरिए, नीति फेरिए । तर, आमनागरिकको जीवनमा अपेक्षित परिवर्तन आउन सकेन । गाउँ रित्तिँदै गए । लाखौं युवा रोजगारीको खोजीमा विदेशिन बाध्य भए । कृषि क्षेत्र कमजोर बन्दै गयो । उद्योगधन्दा बन्द भए । शिक्षा र स्वास्थ्य क्षेत्र अपेक्षानुसार सुधार हुनसकेनन् । यस्तो अवस्थामा जनताले नयाँ विकल्प खोज्नु स्वाभाविक थियो । त्यही विकल्पको खोजीको परिणामस्वरूप रास्वपा सत्ताको केन्द्रमा पुग्यो र बालेन साह प्रधानमन्त्री बने । बालेनलाई धेरै नेपालीले परम्परागत राजनीतिज्ञभन्दा फरक व्यक्तित्वका रूपमा हेर्छन् । उनी धेरै भाषण गर्ने नेता होइनन् । दिनभरि सभा-समारोहमा घुम्ने नेता पनि होइनन्, उनी कामको परिणामबाट आफ्नो नेतृत्व प्रमाणित गर्न चाहने राख्दछन् । यही कारणले गर्दा धेरै नागरिकले उनीप्रति आशा राखेका छन् । आज देशभरि एउटा साझा भावना देखिन्छ, अब केही नयाँ होला कि । वर्षौंदेखि सुनिएका भाषणभन्दा फरक काम देख्न पाइएला कि । राजनीतिक नियुक्ति र भागबण्डाको संस्कृतिको अन्त्य होला कि । भ्रष्टाचार नियन्त्रणमा वास्तविक पहल होला कि । युवाले स्वदेशमै अवसर पाउलान् कि । यिनै प्रश्नका बीचमा बालेन सरकारप्रति जनताको आशा जोडिएको छ । सरकार गठन भएको केही समयमात्र भएको अवस्थामा अन्तिम मूल्यांकन गर्नु उचित हुँदैन । कुनै पनि सरकारलाई आफ्नो योजना कार्यान्वयन गर्न समय आवश्यक हुन्छ । देश सञ्चालन महानगरपालिका सञ्चालन जस्तो सरल काम होइन । प्रधानमन्त्रीले अर्थतन्त्र, परराष्ट्र नीति, सुरक्षा, संघीयता, प्रदेश र स्थानीय तहबीचको समन्वय, विदेशी लगानी, व्यापार, पर्यटन, ऊर्जा, कृषि, शिक्षा र स्वास्थ्य जस्ता दर्जनौं विषयसँग एकैसाथ जुध्नुपर्छ । धेरै नागरिकहरू सरकारलाई समय दिनुपर्ने पक्षमा देखिन्छन् । आलोचना गर्ने समय पछि आउँछ । सरकारले के सोचिरहेको, कुन दिशामा अगाडि बढिरहेको र कुन प्रकारका सुधार ल्याउन खोजिरहेको भन्ने हेर्न जरुरी छ । प्रधानमन्त्री साहको सार्वजनिक अभिव्यक्ति हेर्दा देशको विकास र सुशासनप्रति गम्भीर देखिन्छन् । उनी राज्यका संरचनागत कमजोरी सुधार गर्ने पक्षमा देखिन्छन् । प्रशासनिक ढिलासुस्ती कम गर्ने, सेवा-प्रवाहलाई प्रभावकारी बनाउने र सरकारी संयन्त्रलाई नतिजामुखी बनाउने उनको प्रयास देखिन्छ । यद्यपि, प्रयास र परिणामबीच ठूलो दूरी हुन्छ । अर्थतन्त्र अहिले सरकारको सबैभन्दा ठूलो चुनौती हो । लामो समयदेखि सुस्त बनेको अर्थतन्त्रलाई चलायमान बनाउनु सहज काम होइन । निजी क्षेत्रको मनोबल बढाउनुपर्छका साथै लगानीको वातावरण सिर्जना गर्नुपर्छ । विदेशी लगानी आकर्षित, उद्योगधन्दा विस्तारसँगै कृषि उत्पादन बढाउनुपर्छ । पर्यटन क्षेत्रलाई थप सशक्त बनाउनुपर्छ । हालै सरकारले सार्वजनिक गरेको बजेटप्रति व्यवसायी, कर्मचारी तथा निजी क्षेत्रका विभिन्न प्रतिनिधिले सकारात्मक प्रतिक्रिया दिएका छन् । यद्यपि बजेट राम्रो हुनुमात्र पर्याप्त हुँदैन । प्रभावकारी कार्यान्वयन झन् महत्त्वपूर्ण हुन्छ । नेपालमा विगतमा धेरै राम्रा बजेट आएका थिए । तर, कार्यान्वयन कमजोर हुँदा अपेक्षित परिणाम आउन सकेन । अहिलेको सरकारको सफलता पनि कार्यान्वयन क्षमतामै निर्भर रहनेछ । नेपाली युवाहरूको ठूलो चाहना रोजगारी हो । उनीहरूलाई राजनीतिक भाषण होइन, अवसर चाहिएको छ । युवा विदेश जाने क्रम अझै रोकिएको छैन । गाउँका बस्तीहरू खाली हुँदैगएका छन् । कृषि उत्पादन घट्दै गएको छ । यदि बालेन सरकारले युवालाई स्वदेशमै रोजगारी र उद्यमको अवसर दिनसक्यो भने ठूलो उपलब्धि हुनेछ । भ्रष्टाचार नियन्त्रण अर्को महत्त्वपूर्ण परीक्षा हो । नेपालमा हरेक सरकारले भ्रष्टाचारविरुद्ध बोल्ने गरेको छ । तर, जनताले अझै प्रभावकारी परिणामको अनुभव गर्न सकेका छैनन् । अब नागरिकले भाषण होइन, व्यवहार हेर्न चाहन्छन् । ठूला व्यक्तिमाथि कानुन समान रूपमा लागू भएको देख्न चाहन्छन् । यसबीचमा पुराना राजनीतिक दलहरू भने गम्भीर नैतिक संकटमा देखिएका छन् । सरकार चलाउने अवसर पाएर पनि जनताको अपेक्षानुसार परिणाम दिन नसकेको आरोप उनीहरूमाथि छ । जनताले पटक-पटक विश्वास गरे, तर त्यो विश्वास जोगाउन नसकेको आलोचना सुनिन्छ । चुनावी पराजयपछि उनीहरू आत्मसमीक्षाको चरणमा पुगेका छन् । नैतिक संकट भनेको केवल चुनाव हार्नुमात्र होइन । जनताको विश्वास गुमाउनु हो । जब नागरिकहरूले पुराना राजनीतिक नाराहरूमा विश्वास गर्न छोड्छन्, तब राजनीतिक दलहरू सबैभन्दा ठूलो संकटमा पर्छन् । पुराना दलहरूले अब जनतासँग फेरि विश्वासको सम्बन्ध निर्माण गर्नुपर्ने चुनौती सामना गरिरहेका छन् । तर, लोकतन्त्रमा कुनै दल स्थायी रूपमा समाप्त हुँदैन । जसले गल्तीबाट सिक्छ, आफूलाई सुधार्छ र जनताको आवश्यकता बुझ्छ, उसले पुन: अवसर पाउनसक्छ । त्यसैले पुराना दलहरूको भविष्य उनीहरूको आत्मसमीक्षामै निर्भर रहनेछ । बालेन सरकार सफल वा असफल हुने कुरा केवल प्रधानमन्त्रीको इच्छाशक्तिमा निर्भर गर्दैन । सफलताका लागि सक्षम मन्त्रीमण्डल, इमानदार कर्मचारीतन्त्र, निजी क्षेत्रको सहयोग, नागरिक समाजको सहभागिता र जनताको समर्थन आवश्यक हुन्छ । देश निर्माण एउटा व्यक्तिको प्रयासबाट सम्भव हुँदैन । यो सामूहिक जिम्मेवारी हो । आज धेरै नेपालीहरू आशावादी देखिन्छन् । उनीहरू निराशा होइन, सम्भावनाको कुरा गर्न चाहन्छन् । विकास केवल सरकारी योजनाले मात्र हुँदैन, नागरिकको आत्मविश्वासले हुन्छ । यद्यपि, आशा र अन्धविश्वासबीचको फरक बुझ्नुपर्छ । सरकारलाई समर्थन गर्नु राम्रो कुरा हो । तर, लोकतन्त्रमा प्रश्न सोध्ने अधिकार उत्तिकै महत्त्वपूर्ण हुन्छ । सरकारको राम्रो कामको प्रशंसा गर्नुपर्छ भने कमजोरीलाई तथ्यका आधारमा औंल्याउनुपर्छ । यही प्रक्रियाले सरकारलाई अझ उत्तरदायी बनाउँछ । नेपालको इतिहास हेर्दा धेरै पटक जनताले नयाँ आशा बोकेका छन् । धेरैपटक परिवर्तनका सपना देखेका छन् । कतिपय सपना पूरा भए, कतिपय अधुरा रहे । अहिले फेरि एउटा नयाँ अवसर आएको छ । यो अवसरलाई कसरी उपयोग गर्ने भन्ने कुरा सरकार, राजनीतिक दल र नागरिक सबैको जिम्मेवारी हो । जनताको चाहना धेरै ठूलो छैन, गुणस्तरीय शिक्षा चाहिएको छ । सहज स्वास्थ्य सेवा, रोजगारी, सुशासन र भ्रष्टाचारमुक्त प्रशासन चाहिएको छ । आफ्नो देशमै सम्मानपूर्वक बाँच्न पाउने वातावरण जुनसुकै सरकार सत्तामा आए पनि जनताको अन्तिम अपेक्षा यही हो । बालेन नेतृत्वको सरकारप्रति जनताको आशा उच्च छ । त्यो आशालाई उपलब्धिमा बदल्न सरकार सफल हुन्छ कि हुँदैन भन्ने कुरा समयले बताउनेछ । तर, एउटा कुरा निश्चित छ, नेपाली जनता अब केवल वाचा सुन्न चाहँदैनन्, परिणाम हेर्न चाहन्छन् । यदि सरकारले परिणाम दिनसक्यो भने इतिहासमा आफ्नो नाम सुनौलो अक्षरले लेखाउनेछ । यदि सकेन भने जनताले अर्को विकल्प खोज्न धेरै समय लगाउने छैनन् । लोकतन्त्रको यही सुन्दरता हो, जहाँ अन्तिम निर्णय सधैं जनताकै हातमा हुन्छ । नेपालका नागरिकले दशकौंसम्म राजनीतिक अस्थिरताको मूल्य चुकाएका छन् । सरकार फेरिने, गठबन्धन बन्ने र भत्किने, मन्त्रीहरू परिवर्तन भइरहने, नीति र प्राथमिकताहरू बारम्बार बदलिने अवस्थाले देशको विकासको गति प्रभावित भएको धेरैले स्वीकार गर्छन् । यदि सरकारभित्र एकता कायम रह्यो, नेतृत्वबीच विश्वास र सहकार्य कायम रह्यो तथा पार्टीभित्र अनावश्यक विवाद उत्पन्न भएन भने सरकारलाई आफ्नो नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सहज वातावरण मिल्छ । जब नेतृत्व एउटै लक्ष्य र दृष्टिकोणका साथ अगाडि बढ्छ, तब सरकारलाई दीर्घकालीन योजना कार्यान्वयन गर्न बल मिल्छ । रवि लामिछाने र बालेन साह दुवैलाई परिवर्तनको प्रतीकका रूपमा हेर्ने नागरिकहरूको संख्या उल्लेखनीय छ । यी दुई नेताबीच सहकार्य, समन्वय र विश्वास कायम रहोस् भन्ने अपेक्षा धेरैको छ । नेतृत्वबीच मतभेदभन्दा साझा उद्देश्य र राष्ट्रिय हितलाई प्राथमिकता दिन सकिए देशका लागि सकारात्मक सन्देश जानसक्छ । तर, लोकतान्त्रिक व्यवस्थामा विचार फरक हुनु वा नीतिसम्बन्धी बहस हुनु अस्वाभाविक होइन । महत्त्वपूर्ण कुरा मतभेदलाई कसरी व्यवस्थापन गरिन्छ भन्ने हो । स्वस्थ बहसले निर्णयलाई अझ परिपक्व बनाउन सक्छ, व्यक्तिगत विवाद वा शक्ति संघर्षले सरकार र पार्टी दुवैलाई कमजोर बनाउनसक्छ । संसद्मा सरकारको आलोचना हुनु पनि लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो । विपक्षी दलहरूको भूमिका सरकारका कामकारबाहीमाथि निगरानी राख्ने, प्रश्न उठाउने र वैकल्पिक दृष्टिकोण प्रस्तुत गर्ने हो । तर, आलोचना केवल अवरोधका लागि अवरोध हुने हो भने त्यसले जनताको अपेक्षा पूरा गर्न सहयोग गर्दैन । त्यस्तै, सरकारले पनि विपक्षका हरेक प्रश्नलाई शत्रुताका रूपमा होइन, लोकतान्त्रिक उत्तरदायित्वका रूपमा लिनुपर्छ । नेपालको विकासका लागि केवल सरकारमात्र पर्याप्त हुँदैन । सरकार, प्रतिपक्ष, निजी क्षेत्र, कर्मचारीतन्त्र, नागरिक समाज र आमनागरिक सबैको भूमिका हुन्छ । देश निर्माण प्रतिस्पर्धाभन्दा पनि सहकार्यको विषय हो । सडक, उद्योग, कृषि, शिक्षा, स्वास्थ्य, ऊर्जा, पर्यटन र रोजगारीका क्षेत्रमा परिणाम ल्याउन राष्ट्रियस्तरको सहकार्य आवश्यक पर्छ । बलियो जनादेश प्राप्त सरकारलाई आफ्नो कार्यक्रम कार्यान्वयन गर्ने अवसर दिनुपर्छ, लोकतान्त्रिक अभ्यासको एउटा पक्ष हो । जनताले निर्वाचनमार्फत दिएको विश्वासलाई परिणाममा रूपान्तरण गर्ने जिम्मेवारी सरकारको हुन्छ । धेरै नेपालीको अपेक्षा एउटै छ- राजनीतिक विवादभन्दा विकासले प्राथमिकता पाओस्, व्यक्तिगत आरोप-प्रत्यारोपभन्दा राष्ट्रिय मुद्दाले स्थान पाओस् र दलगत स्वार्थभन्दा देशको भविष्यलाई केन्द्रमा राखियोस् । देशले खोजेको पनि त्यही हो । कुरा गरेरमात्र हुँदैन, काम गरेर देखाउने बेला हो । सरकार त्यही अनुसार अघि बढेको देखिन्छ । अन्तत: देश तब बन्छ जब सरकार प्रभावकारी हुन्छ, विपक्ष जिम्मेवार हुन्छ, संस्थाहरू बलिया हुन्छन् र नागरिकहरू पनि आफ्नो दायित्वप्रति सचेत हुन्छन् । स्थिरता र एकता विकासका लागि महत्त्वपूर्ण आधार हुन्, तर त्यसलाई परिणाममुखी काम, सुशासन र जनताको जीवनमा देखिने परिवर्तनले मात्र सार्थक बनाउनसक्छ ।

*-इहिमालयन डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२११२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मेहनतको प्रतिफलल मन सन्तुष्ट हुनेछ। आर्थिक विषयमा स्पष्टता आउन सक्छ। | **तुला** : हतारमा निष्कर्ष निकाल्नु उपयुक्त हुनेछैन। धैर्यले मूल्यांकन गर्दा फाइदा हुनेछ। |
| **वृष** : मनमा दृढता बढ्नेछ । रोकिएका विषय क्रमश: समाधानतर्फ जानेछन्। | **वृश्चिक** : सम्बन्धमा विश्वास बढ्ने संकेत छ। मेलमिलापको वातावरण बन्नेछ। |
| **मिथुन** : मन बढी केन्द्रित हुन सक्छ। विश्राम र आत्मचिन्तनले दृष्टिकोण दिनेछ। | **धनु** : आवश्यकतालाई बेवास्ता नगर्नुहोस्। नियमितताले आत्मसन्तुष्टि दिनेछ। |
| **कर्कट** : भविष्यप्रति आशावादी सोच बढ्नेछ। मनमा उत्साह थपिनेछ। | **मकर** : सिर्जनात्मक सोच बन्नेछ। रमाइलो वातावरणले ऊर्जा थप्नेछ। |
| **सिंह** : निरन्तरताले राम्रो नतिजा ल्याउनेछ। उपलब्धिले सन्तोष महसुस हुनेछ। | **कुम्भ** : सानो परिवर्तनले पनि ठूलो सन्तोष दिन सक्छ। आत्मीयता बढ्ने संकेत छ। |
| **कन्या** : बाहिरका विषयमा रुचि बढ्नेछ। दिन ज्ञानवर्द्धक रहने संकेत छ। | **मीन** : जिज्ञासाले जानकारीतर्फ डोर्याउन सक्छ। दिन रोचक र गतिशील रहनेछ। |

**कृषि**


# अलैचीले फेरिँदै गाउँको मुहार



तेह्रथुम पहिले धान, कोदो र मकैले ढाकिने तेह्रथुमका खेत तथाबारीहरू अहिले हरियाली अलैची बगानले भरिन थालेका छन् । परम्परागत अन्नबाली खेतीबाट लागतअनुसार प्रतिफल नआउने, युवाशक्ति वैदेशिक रोजगारीमा जाने र श्रमको अभाव बढ्दै गएपछि जिल्लाका ग्रामीण भेगका किसानहरू अलैची खेतीतर्फ आकर्षित भएका हुन् । ओसिलो हावापानी र पर्याप्त वर्षाद वातावरण अलैचीका लागि उपयुक्त मानिन्छ । तेह्रथुमको छथर, आठराई, फेदाप, मेन्छ्यायेम, लालिगुराँस र म्याङ्लुङ आसपासका क्षेत्रमा अहिले अलैची खेती विस्तार हुने क्रम तीव्र छ । खाली रहेका पाखाबारी, वनछेउका जमिन र प्रयोगविहीन खेतहरूमा समेत किसानहरूले अलैची रोप्न थालेका छन् । छथर गाउँपालिका-६ सुदापका कृषक सन्तकुविर आँखेवाका अनुसार अन्नबालीबाट राम्रो आम्दानी हुन छाडेपछि उनले अलैची खेती विस्तार गरेका हुन् । 'पहिले धान खेती लगाउँथ्यौँ । वर्षभरि गरेको मेहनतको मुय उठ्दैनथ्यो । अहिले अलैचीले परिवार चलाउन, छोराछोरी पढाउन र घरखर्च धान्न सहज भएको छ', उनले भने । उनले अलैची बिक्रीबाट वार्षिक लाखौँ रुपैयाँ आम्दानी गर्न सफल भएको अनुभव सुनाए । कतिपय किसानले ३-५ रोपनीबाट सुरु गरेको खेती अहिले ३० देखी ५० रोपनीसम्म विस्तार गरिसकेका छन् । अलैचीलाई नेपालमा कालो सुन भनेर चिनिन्छ । एकपटक राम्रोसँग बगान स्थापना भएपछि धेरै वर्षसम्म उत्पादन लिन सकिने भएकाले किसानहरू यसतर्फ आकर्षित भएका छन् । तेह्रथुमका धेरै गाउँमा अलैची अहिले मुख्य नगदे बालीका रूपमा स्थापित हुँदै गएको छ । बजारसम्म पहुँच भएका किसानले वार्षिक एक लाखदेखि १० लाख रुपैयाँभन्दा बढी आम्दानी गर्ने गरेका छन । अलैची खेतीमा आकर्षण बढ्दै गए पनि किसानले विभिन्न समस्या भोगिरहेका छन् । रोग र कीराको प्रकोप मुख्य चुनौतीका रूपमा देखिएको छ । विगत केही वर्षयता चिर्के र फुर्के रोगले अलैची बगानमा ठूलो क्षति पुर्‍याएको किसानहरू बताउँछन् । रोग लागेपछि बिरुवा सुक्ने र उत्पादन घट्ने समस्या देखिन्छ । समयमै प्राविधिक परामर्श नपाउँदा किसानले क्षति बेहोर्नुपरेको छ । जलवायु परिवर्तनको असर पनि अलैची खेतीमा देखिन थालेको छ । असमयको खडेरी, अत्यधिक वर्षा तथा तापक्रममा आएको परिवर्तनले उत्पादनमा असर पुर्‍याइरहेको कृषक सुकबहादुर लिम्बुले बताए । किसानलाई अर्को समस्या श्रम अभाव हो । युवा पुस्ता विदेश पलायन भएपछि खेतीपातीका लागि आवश्यक जनशक्ति पाउन कठिन भएको छ । यसले अलैची बगानको व्यवस्थापनमा चुनौती थपेको छ । उत्पादन राम्रो भए पनि मूल्य घट्दा किसान निराश हुने गरेका छन् । अन्तर्राष्ट्रिय बजारमा निर्भर रहने भएकाले मूल्यमा उतारचढाव आउने गरेको छ । किसानहरूका अनुसार कुनै वर्ष प्रतिकिलो मूल्य उच्च हुँदा उत्साह बढ्छ भने अर्को वर्ष मूल्य घट्दा लगानी उठाउनसमेत कठिन हुने अवस्था आउँछ । स्थानीय स्तरमा भण्डारण सुविधा नहुँदा किसानले तत्काल बिक्री गर्नुपर्ने बाध्यता पनि छ । 'मूल्य राम्रो हुँदा आम्दानी राम्रो हुन्छ, तर मूल्य घटेको बेला धेरै दुःख हुन्छ', छथर ६ का आमबहादुर लिम्बुले भने । चुनौतीहरू भए पनि तेह्रथुमका किसान अलैची खेतीको भविष्यप्रति आशावादी देखिन्छन् । सरकारी निकायबाट प्राविधिक सहयोग, रोग नियन्त्रण, गुणस्तरीय बिरुवा, सिंचाइ सुविधा र बजार व्यवस्थापनमा ध्यान दिइए अलैची खेतीले ग्रामीण अर्थतन्त्रलाई अझ मजबुत बनाउन सक्ने विश्वास उनीहरूको छ । पहिले बाँझो देखिने पाखाहरू अहिले हरिया अलैचीका बोटले ढाकिएका छन् । गाउँका किसानका लागि अलैची केवल खेती मात्र होइन, आर्थिक समृद्धिको आशा र भविष्यको आधार बनेको छ ।

*-अनलाइनखबर डटकम*

# बढेको अण्डाको मूल्य लागू



चितवन नेपाल लेयर्स कुखुरापालक सैले अण्डाको फार्म समर्थन मूल्य पुन:बढाएको छ । सैले शनिबारदेखि लागू हुने गरी नयाँ मूल्य निर्धारण गरेको हो । सैका अध्यक्ष विनोद पोखरेलका अनुसार देशभरका अण्डा उत्पादक किसान तथा व्यवसायीको राय, परामर्श तथा सिफारिसका आधारमा चितवनलाई मुख्य आधार क्षेत्र मानी नयाँ दररेट तय गरिएको हो ।

नयाँ मूल्यसूचीअनुसार एक्सएल अण्डाको मूल्य प्रतिक्रेट (३० वटा) रु ५६०, ठूलो अण्डाको रु ५४५, मध्यम (मिडियम) अण्डाको रु ५१५ तथा सानो अण्डाको प्रतिपेटी रु तीन हजार कायम गरिएको छ । यसअनुसार खुद्रा बजारमा अण्डाको मूल्य करिब रु २५ भएको छ । चितवन नेपाल लेयर्स कुखुरापालक संघले अण्डाको फार्म समर्थन मूल्य पुन:बढाएको छ । संघले शनिबार देखि लागू हुने गरी नयाँ मूल्य निर्धारण गरेको हो । संघका अध्यक्ष विनोद पोखरेलका अनुसार देशभरका अण्डा उत्पादक किसान तथा व्यवसायीको राय, परामर्श तथा सिफारिसका आधारमा चितवनलाई मुख्य आधार क्षेत्र मानी नयाँ दररेट तय गरिएको हो । नयाँ मूल्यसूचीअनुसार एक्सएल अण्डाको मूल्य प्रतिक्रेट (३० वटा) रु ५६०, ठूलो अण्डाको रु ५४५, मध्यम (मिडियम) अण्डाको रु ५१५ तथा सानो अण्डाको प्रतिपेटी रु तीन हजार कायम गरिएको छ । यसअनुसार खुद्रा बजारमा अण्डाको मूल्य करिब रु २५ भएको छ । संघले सम्पूर्ण व्यवसायी तथा सरोकारवालालाई तोकिएको मूल्यमा कारोबार गर्न आग्रह गरेको छ । अध्यक्ष पोखरेलले गर्मी मौसमका कारण उत्पादनमा आएको उतारचढाव तथा किसानको बढ्दो उत्पादन लागतलाई ध्यानमा राखेर नयाँ समर्थन मूल्य निर्धारण गरिएको बताए । पछिल्लो एक महिनाको अवधिमा अण्डाको मूल्य निरन्तर उकालो लागेको देखिन्छ । वैशाख २४ गते एक्सएल अण्डाको मूल्य प्रतिक्रेट रु ४६५ रहेकामा नयाँ मूल्य रु ५६० पुगेको छ, जुन रु ९५ अर्थात् करिब २० प्रतिशतले बढी हो । सोही अवधिमा ठूलो अण्डाको मूल्य रु ४९० बाट रु ५४५, मिडियम अण्डाको रु ४०० बाट रु ५१५ तथा सानो अण्डाको प्रतिपेटी मूल्य रु २ हजार ३०० बाट रु तीन हजार पुगेको छ ।सैका अनुसार पछिल्ला केही सातायता अण्डाको उत्पादन घट्नुका साथै बजार माग बढ्दा मूल्यमा निरन्तर सुधार आएको हो । किसानले दाना, औषधि तथा अन्य उत्पादन सामग्रीको लागत बढ्दै जाँदा मूल्य समायोजन आवश्यक भएको सैका अध्यक्ष पोखरेलले बताए । उनका अनुसार हाल अण्डाको उत्पादन लागत प्रतिगोटा रु १९ दशमलव १२ पर्ने गरेको छ । नयाँ समर्थन मूल्य लागू भएपछि किसानले लागत नजिकको मूल्य पाउन थालेका छन् । लामो समयपछि अण्डाको बिक्री मूल्य उत्पादन लागतको हाराहारीमा पुगेकाले किसानलाई केही राहत मिलेको अध्यक्ष पोखरेलको भनाइ छ । उनले पछिल्लो समय नेपालमा पर्यटकको आगमन बढ्नु, सीमा क्षेत्रमा अण्डाको आयात तथा ओसारपसारमा कडाइ हुनु र आन्तरिक बजारमा माग बढ्नुलेसमेत अण्डाको मूल्य सुधारमा सहयोग पुगेको बताए । किसानले अहिले लागत नजिकको मूल्य पाए पनि उत्पादन लागत नियन्त्रण र बजार व्यवस्थापनका लागि सरकारी निकायबाट सहयोग र नीतिगत समर्थन आवश्यक रहेको अध्यक्ष पोखरेलले बताए । उनले उत्पादन लागत घटाउने तथा बजारलाई व्यवस्थित बनाउने उपाय अवलम्बन गर्नसके हालको मूल्य अवस्था कायम राख्न सकिने धारणा व्यक्त गरे ।

*-रातोपाटी डटकम*

# धादिङका किसानलाई सयपत्री फूल निखार्न भ्याइनभ्याइ



धादिङको धुनिबेशी नगरपालिका-२ का किसानहरू यतिबेला माघ र चैत महिनामा रोपिएको सयपत्री फूलबारी निखार्ने तयारीमा जुटेका छन् । धान तथा विभिन्न तरकारी खेतीको सिजन सुरु हुन लागेकाले उनीहरूले फूल खेती समापन गर्दै नयाँ बाली लगाउने तयारी गरेका हुन् । किसानहरूका अनुसार दसैँ-तिहारको समयमा सयपत्री फूलको माग र मूल्य दुवै उच्च हुने गरे पनि अहिले अफसिजनमा मूल्य उल्लेख्य रूपमा घटेको छ । पर्वका बेला प्रतिकिलो १५० रुपैयाँसम्ममा बिक्री हुने सयपत्री फूल अहिले प्रतिकिलो ५० रुपैयाँमा बिक्री गर्न बाध्य भएको किसानहरू बताउँछन् । दुई वर्षदेखि व्यावसायिक फूल खेती गर्दै आएकी स्थानीय किसान फूलमाया तामाङले सिजनमा व्यापारीहरू बारीमै आएर फूल खरिद गर्ने र राम्रो मूल्य दिने गरे पनि अहिले अवस्था फरक रहेको बताइन् । उनका अनुसार अहिले फूल सिधै गाडीमार्फत काठमाडौँको कालिमाटी बजार पठाउनुपरेको छ।"मूल्य पनि घटेको छ, अब फूल खेतीको अन्तिम समय भएकाले बारी निखार्ने बेला भएको छ," उनले भनिन् । फूलबारी खाली गरेपछि धान तथा मौसमी तरकारी खेती सुरु गरिने उनले जानकारी दिइन् । स्थानीय किसान सुन्तली तामाङ र उनका श्रीमान् पनि यतिबेला फूल टिप्न व्यस्त छन् । उनीहरूका अनुसार सयपत्री फूलले सिजनमा राम्रो आम्दानी दिए पनि अफसिजनमा उचित मूल्य नपाउँदा किसानहरू निराश हुने गरेका छन्।मनसुन सुरु भएसँगै फूल खेतीमा थप चुनौती देखिएको छ । वर्षायाममा फूलमा रोग तथा कालो दाग लाग्ने समस्या बढ्ने भएकाले उत्पादन खेर जाने गरेको किसानहरूको भनाइ छ । काठमाडौँको सीतापाइला देखि धादिङको धार्केसम्मको सडक सञ्जाल विस्तार भएपछि यस क्षेत्रमा आर्थिक गतिविधि बढ्दै गएको छ । सडक पहुँच सहज बनेसँगै किसानहरूले उत्पादन गरेका तरकारी, फलफूल तथा अन्य कृषि उपज बजारसम्म पुर्‍याउन सहज भएको छ, जसले स्थानीय कृषि व्यवसायलाई थप टेवा पुर्‍याएको छ । *-रातोपाटी डटकम*

# पचाँस प्रतिशत अनुदानमा कृषि उपकरण वितरण

दमौली (तनहुँ) यहाँको भानु नगरपालिका-९ ले चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रमअनुसार किसानलाई पचास प्रतिशत अनुदानमा कृषि उपकरण वितरण गरेको छ । कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै उत्पादन लागत घटाउने तथा किसानलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्ने उद्देश्यले वडाभित्रका किसानको मागका आधारमा उपकरण वितरण गरिएको हो ।



कार्यक्रमअन्तर्गत १४ थान मिनी टिलर, १० थान कम्बाइन्ड मिल, चार थान 'स्प्रे मेसिन' तथा चार थान घाँस काट्ने उपकरण वितरण गरिएको वडाध्यक्ष मीन गुरुङले जानकारी दिए । कृषि कार्यमा प्रयोग हुने यस्ता उपकरणले किसानको श्रम, समय र लागत बचत गर्न सहयोग पुग्ने विश्वास लिइएको उनले बताए । हाल कृषि क्षेत्रमा जनशक्तिको अभाव, उत्पादन लागतमा भएको वृद्धि तथा परम्परागत कृषि प्रणालीका कारण धेरै किसान कृषि पेसाबाट निरुत्साहित हुने अवस्था देखिएको छ । यस्ता चुनौतीलाई मध्यनजर गर्दै कृषिलाई प्रविधिमैत्री, उत्पादनमुखी र व्यावसायिक बनाउन वडा कार्यालयले अनुदान कार्यक्रम सञ्चालन गरेको वडाध्यक्ष गुरुङले बताए । उनले भने, "किसानले आधुनिक उपकरणको प्रयोगमार्फत कम समयमा बढी काम गर्न सक्ने, उत्पादन लागत घटाउन सक्ने र उत्पादन वृद्धि गर्न सक्ने अपेक्षा गरिएको छ ।" वडाध्यक्ष गुरुङका अनुसार किसानलाई आधुनिक कृषि उपकरणसँग जोड्नु आजको आवश्यकता भएकाले प्रविधिमैत्री बनाउन पहल थालिएको हो । "परम्परागत तरिकाले खेती गर्दा लागत बढ्ने र श्रम बढी लाग्ने भएकाले किसान निरुत्साहित हुँदै गएका छन् । यस अवस्थालाई परिवर्तन गर्न तथा कृषिलाई सहज, सरल र उत्पादनमुखी बनाउन वडा कार्यालयले ५० प्रतिशत अनुदानमा मेसिनरी वितरण गरेको हो", उनले भने। वडाध्यक्ष गुरुङले वितरण गरिएका उपकरणको सही सदुपयोग गर्न किसानलाई आग्रह गर्दै कृषि उत्पादन वृद्धि, आयआर्जनमा सुधार हुनुका साथै युवालाई कृषि क्षेत्रमा आकर्षित गर्न आधुनिक प्रविधिको प्रयोग अपरिहार्य रहेको बताए । उपकरण प्राप्त गरेका किसानले वडा कार्यालयको पहलप्रति उत्साहित भएका छन् । किसानले आधुनिक उपकरणको प्रयोगले खेतीपाती गर्न सहज हुनुका साथै लागत कम हुने र उत्पादन बढ्ने विश्वास व्यक्त गरेका छन् ।

*-रासस*

# मौसम पूर्वनुमान : कतै भारी वर्षा, कतै तातो लहर




**पाल्पा,** जेठ २३/ मौसम पूर्वुमामनका अनुसार देशका केही ठाउँहरुमा भारी वर्षा र केही ठाउँहरुमा तातो लहर चल्ने बताइएको छ । साताभर देशका विभिन्न स्थानमा वर्षा र तातो लहर चल्ने सम्भावना रहेको हो ।

स्थानीय वायु तथा पश्चिमी वायुको प्रभाव रहने तर मनसुनी वायुको प्रभाव नरहने सम्भावना छ । जल तथा मौसम विज्ञान विभागका अनुसार हिमाली भू-भागमा साताभर मध्यमसम्मको हिमपात/वर्षाको सम्भावना छ। पहाडी भू-भागमा साताभर कोशी प्रदेशको केही स्थानहरूमा, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको थोरै स्थानहरूमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ ।

बागमती र गण्डकी प्रदेशमा साताको सुरु र मध्यमा थोरै स्थानहरूमा तथा अन्त्यमा केही स्थानहरूमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ ।

साताको अन्त्यमा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको एक/दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको विभागले जनाएको छ । तराई भू-भागमा कोशी प्रदेशमा साताभर केही स्थानहरूमा, बाँकी प्रदेशमा साताको सुरु र मध्यमा एक-दुई स्थानमा तथा अन्त्यमा थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ/असिना/हावाहुरीसहित मध्यमसम्मको वर्षाको सम्भावना छ । साताको अन्त्यमा कोशी, बागमती र गण्डकी प्रदेशको एक-दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ । साथै विशेषगरी साताको मध्यमा मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका थोरै स्थानहरूमा मध्यम तातो लहर हुने, साथै कोशी, बागमती र गण्डकी प्रदेशका तराई भू-भागका केही स्थानहरूमा तातो दिन हुने सम्भावना रहेको छ । सरदरसँग तुलना गर्दा कोशी प्रदेशमा औसत वर्षा हुने, बाँकी प्रदेशहरूमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको छ । विशेष गरी मधेश र लुम्बिनी प्रदेशका अधिकांश भू-भागमा अधिकतम र न्यूनतम् तापक्रम औसत भन्दा केही बढी नै रहने सम्भावना रहेको विभागले जनाएको छ ।

# तानसेनमा अपाङ्गता भएका स्रष्टासँग सिर्जना वाचन




**पाल्पा,** जेठ २३/जिल्लाको तानसेनमा अपाङ्गता भएका स्रष्टाहरुसँगै सिर्जना वाचन कार्यक्रम गरिएको छ । पाल्पा साहित्य समाजको आयोजनामा तानसेनको काजीपौवास्थित सर्जनशील अपाङ्गता स्वावलम्बन केन्द्रमा सिर्जना कार्यक्रम गरिएको हो ।

कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको जीवनभोगाइ, पीडा, संघर्ष तथा आत्मबल झल्काउने कविता, गीत, गजल र मुक्तक प्रस्तुत गरिएका थिए । कार्यक्रममा प्रमुख अतिथि साहित्यकार राजेन्द्र गोपाल सिंहले अपाङ्गता भएका भाइबहिनीहरूलाई साहित्यकार पारिजात, झमक घिमिरे तथा विश्वप्रसिद्ध व्यक्तित्व हेलन केलरजस्तै संघर्षशील, सिर्जनशील र सफल बन्न शुभकामना व्यक्त गरे । उनले साहित्य र सिर्जनाले व्यक्तिमा आत्मविश्वास बढाउने तथा समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने बताए ।

सिर्जनशील अपाङ्गता स्वावलम्बन केन्द्रका स्रष्टाहरू तिर्थप्रसाद अधिकारीले गजल, शिवबहादुर पौडेलले मुक्तक, इन्द्र थापा मगरले गीत तथा अभिनय, निशा खड्का, निर्मला लम्साल, सुशीला चौधरी, बसन्ती घिमिरे र लेखनाथ ढकालले गीत तथा एरिका गुरुङले कविता प्रस्तुत गरेका थिए । त्यसैगरी अपाङ्गता विद्यार्थीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले अस्तित्व रेग्मीले गितारसहित गीत, गम्भीरजंग रायमाझी, शारदा ढकाल, इन्दिरा ज्ञवाली, पुरुषोत्तम अर्याल र रामप्रसाद अर्यालले कविता, रोहितप्रसाद ज्ञवालीले 'गुलेली', सीताराम घिमिरेले मुक्तक तथा पुष्कर अथक रेग्मीले शीत र गीत वाचन गरेका थिए । पाल्पा साहित्य समाजले समयानुकूल विविध साहित्यिक कार्यक्रम सञ्चालन गर्दै साहित्यिक चेतना विस्तार र स्रष्टाहरूको प्रोत्साहनमा योगदान पुर्‍याउँदै आएको जनाएको छ । समाजका अध्यक्ष पुष्करराज रेग्मीको अध्यक्षता, कोषाध्यक्ष पुरुषोत्तम अर्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# एसीसी महिला कपमा नेपालको लज्जास्पद हार



**काठमाडौं,** जेठ २३/ एसीसी महिला प्रिमियर कपअन्तर्गत समूह चरणको अन्तिम खेलमा नेपालले हङकङसँग लज्जास्पद हार बेहोरेको छ । नेपाल हङकङसँग ६९ रनले पराजित भएको हो ।

हङकङले दिएको ११० रनको लक्ष्य पछ्याएको नेपाल १३.३ ओभरमा ४० रनमा अलआउट भयो । सोनी पाखिनले सर्वाधिक १२ रन बनाइन् भने रुबिना क्षेत्रीले १० रन बनाइन् । अन्यले दोहोरो अंकमा रन बनाउनै सकेनन् ।हङकङका लागि इकरा सहरले ४ ओभरमा ४ रन दिएर ४ विकेट लिइन् । चान का र मार्यम बिबीले २-२ विकेट लिए । सिउ मेइ र जोइलिन धलिवालले १-१ विकेट लिए ।त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको हङकङले २० ओभरमा ३ विकेट गुमाएर १०९ रन बनाएको थियो । हङकङका लागि यासमिन दसवानीले अविजित रहेर सर्वाधिक ४२ रन बनाइन् ।मारिको हिलले २९ रन बनाइन् । मारिना लाम्पलोह १८ रनमा अविजित रहिन् ।नेपालका लागि रिया शर्मा र रुबिना क्षेत्रीले १-१ विकेट लिए ।यस हारका बाबजुद नेपाल क्वाटरफाइनलमा प्रवेश गरिसकेको छ । एसिया कपमा छनोट हुनका लागि सेमिफाइनलसम्म पुग्नुपर्छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# ग्लोबल बैंकको अगुवाइमा सुपर तमोर निर्माण हुने




**काठमाडौं,** जेठ २३/ १६६ मेगावाट क्षमताको सुपर तमोर जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन सम्झौता भएको छ । ग्लोबल आइएमई बैंकको अगुवाइमा सुपर तमोर निर्माणका लागि सम्झौता भएको हो ।

आयोजनाको प्रवर्द्धक क्रिष्टल पावर डेभलपमेन्ट र सहभागी ६६ वटा बैंकबीच वित्तीय व्यवस्थापन सम्झौता भएको छ । ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीको उपस्थितिमा सहायक प्रमुख कार्यकारी अधिकृत दीपचन्द्र रेग्मी र क्रिष्टल पावरका कार्यकारी प्रमुख कृष्णप्रसाद आचार्यलगायत सह-अगुवाइ तथा सहभागी बैंक प्रतिनिधिले सम्झौतामा हस्ताक्षर गरेका थिए । आयोजना ५ वर्षभित्र निर्माण सम्पन्न हुनेछ । ताप्लेजुङको फक्ताङलुङ गाउँपालिकास्थित तमोर नदीमा निर्माण हुने १६६ मेगावाट क्षमताको जलविद्युत् आयोजनाको अनुमानित लागत २५ अर्ब रुपैयाँ छ ।

उक्त आयोजनामा ग्लोबल आइएमईको अगुवाइ, सिद्धार्थ, लक्ष्मी सनराइज, प्रभु बैंक सह(अगुवाइ एवं कृषि विकास बैंक र नेपाल एसबिआई बैंकको सहभागितामा बनेको कन्सोर्टियमले करिब १९ अर्ब रुपैयाँ लगानी गर्नेछ । यसमध्ये ग्लोबल आइएमई बैंकले ५ अर्ब, सिद्धार्थले ४ अर्ब, लक्ष्मी सनराइजले ४ अर्ब, प्रभु बैंकले ३ अर्ब ५० करोड, कृषि विकास बैंकले १ अर्ब ५० करोड तथा नेपाल एसबिआई बैंकले १ अर्ब रुपैयाँ लगानी गर्नेछन् ।सम्झौताअनुसार बैंकले ७५ प्रतिशत लगानी गर्नेछन् भने बाँकी २५ प्रतिशत रकम संस्थापक तथा अन्य लगानीकर्ताबाट जुटाइनेछ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई